


# एसियामा द्वन्द्व–सम्बन्धित यौन हिंसाका पीडितहरूको संयुक्त वक्तव्य

## एसिया क्षेत्रीय सर्भाइभर्स भेटघाट कार्यक्रम

**१९–२० जुन, २०२५**

**बैंकक, थाइल्याण्ड**

*With the support of*

dr. Denis Mukwege Foundation

GLOBAL SURVIVORS FUND
FOR AND WITH SURVIVORS OF CONFLICT-RELATED SEXUAL VIOLENCE

हामी, कम्बोडिया, नेपाल, म्यानमार र टिमोर–लेस्टेका द्वन्द्व–सम्बन्धित यौन हिंसाका सर्भाइभरहरू, १९–२० जुन २०२५ मा ग्लोबल सर्भाइभर्स फन्ड र मुकवेगे फाउन्डेसनद्वारा आयोजित ‘एसिया क्षेत्रीय सर्भाइभर्स भेटघाट कार्यक्रम’ मा भेला भएका थियौं । हामी हाम्रा अनुभवहरू साटासाट गर्न, एकअर्काबाट सिक्न र यस क्षेत्रभरका सर्भाइभरहरूका लागि साझा प्राथमिकताहरू पहिचान गर्न भेला भएका थियौं ।

यो विज्ञप्ति हाम्रो छलफलबाट निस्केको हो, हाम्रा प्राथमिकताहरूलाई प्रतिबिम्बित गर्दछ, र द्वन्द्व–सम्बन्धित यौन हिंसाप्रति सर्भाइभर–केन्द्रित प्रतिक्रियाको लागि के आवश्यक छ भन्ने कुराको रूपरेखा प्रस्तुत गर्दछ ।

**हाम्रा साझा मागहरूः**

१। सर्भाइभरहरूलाई एकअर्कासंग जोड्न, मन शान्त पार्न, एकअर्कालाई सहयोग गर्न र सँगै काम गर्न सुरक्षित स्थानहरू प्रदान गर्नुपर्ने ।

२। सर्भाइभरहरूको लागि समग्र किसिमको सहयोगमा हुने पहुँचलाई सहज बनाउनुपर्ने । सहयोगको कार्यक्रम वा परिपुरण मार्फत चिकित्सा, मनोवैज्ञानिक, कानुनी र सामाजिक–आर्थिक सहयोग (जस्तै आर्थिक, आवास, शिक्षा, जीविकोपार्जन) सहित, सान्दर्भिक भएमा सुरक्षित आश्रय र स्थानान्तरण सहित आपतकालीन सहयोग प्रदान गर्नुपर्ने ।

३। लाल्छना विरुद्ध लड्न र उनीहरूको सुरक्षा सुनिश्चित गर्न सर्भाइभरहरूमाथि द्वन्द्व–सम्बन्धित यौन हिंसा हुनुको कारण र परिणामहरूको बारेमा जागरूकता बढाउनुपर्ने ।

४। सबै तहमा (स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय) परिपुरण सहित जवाफदेहिता र न्यायको वकालत गर्नुपर्ने।

यी मागहरू हाम्रा जीवनका अनुभवहरूमा आधारित छन् र एशियाभरिका द्वन्द्व–सम्बन्धित यौन हिंसाका सर्भाइभरहरुको प्राथमिकतालाई प्रतिबिम्बित गर्दछन् । हामी राज्यका निकायहरू र सबै सम्बन्धित सरोकारवालाहरूलाई सर्भाइभरहरूको सहयोगमा अर्थपूर्ण कदम चाल्न आह्वान गर्दछौं ।

*With the support of*

dr. Denis Mukwege Foundation

GLOBAL SURVIVORS FUND
FOR AND WITH SURVIVORS OF CONFLICT-RELATED SEXUAL VIOLENCE